# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, कात्तिक ११ गते २०५५ साल (अतिरिक्ताङ्क ४९

## भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

२०५५ सालको ऐन नं. १२

**स्वस्तिश्री** गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

…बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

626

## वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौँ वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा २ मा संशोधन : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) "कुलपति" भन्नाले दफा ११ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(ख२) "सहकुलपति" भन्नाले दफा ११क. बमोजिमको सहकुलपति सम्झनु पर्छ ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) "उपकुलपति" भन्नाले दफा ११ख. बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६२८

(३) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएकोछ :-

"(ग१) "शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशक" भन्नाले दफा ११ग. बमोजिम नियुक्त शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशक सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) देशलाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लगी स्तरीय स्वास्थ्य सेवाको विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न तोकिए बमोजिमको योग्यता प्राप्त व्यक्तिहरुलाई चिकित्सा, नर्सिङ्ग तथा स्वास्थ्य क्षेत्रका अन्य विषयहरुमा प्रमाणपत्र, स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने ।"

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को,-

(१) खण्ड (ग) मा रहेका "स्वास्थ्य सम्बन्धी" भन्ने शब्दहरुपछि "स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा प्रतिष्ठान र" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएकोछ :-

"(च) प्रतिष्ठानको संचालन तथा यसको उद्देश्य अनुरुप स्वास्थ्य सम्बन्धी कार्यको लागि स्वदेशी तथा विदेशी व्यक्ति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गरी परिचालन गर्ने ।"

(३) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ठ) प्रमाणपत्र, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने कार्यक्रमको लागि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने ।"

(४) खण्ड (ढ) मा रहेको "पदाधिकारी" भन्ने शब्दपछि "शिक्षक" भन्ने शब्द थपिएकोछ ।

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. संचालक परिषदको गठन : (१) प्रतिष्ठानको तर्फबाट गर्नु पर्ने कार्यहरु गर्न देहाय बमोजिमका सदस्यहरु भएको संचालक परिषद् गठन हुनेछ :-

(क) सहकुलपति - अध्यक्ष

(ख) प्रतिनिधि सभाका सदस्यहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना सदस्य - सदस्य

(ग) राष्ट्रिय सभाका सदस्यहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना सदस्य - सदस्य

(घ) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य

(ङ) प्रतिष्ठानको भूतपूर्व उपकुलपतिहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना - सदस्य



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४

(च) विश्वविद्यालयका उपकुलपतिहरु मध्येबाट कार्यकारिणी समितिको सिफारिसमा श्री ५ को सरकारले मनोनीत गरेका बढीमा दुईजना - सदस्य

(छ) उपकुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य

(ज) सचिव, स्वास्थ्य मन्त्रालय - सदस्य

(झ) सचिव, शिक्षा मन्त्रालय - सदस्य

(ञ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ट) डीन, चिकित्सा शास्त्र अध्ययन संस्थान (त्रिभुवन विश्वविद्यालय) - सदस्य

(ठ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - सदस्य

(ड) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ढ) स्वास्थ्य वैज्ञानिकहरु मध्येबाट कार्यकारिणी समितिको सिफारिसमा श्री ५ को सरकारले मनोनीत गरेका दुईजना - सदस्य

(ण) प्रमुख, धरान नगरपालिका - सदस्य

(त) शिक्षाध्यक्ष - सदस्य

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) रजिष्ट्रार - सदस्य

(द) अस्पताल निर्देशक - सदस्य

(ध) प्रतिष्ठानका शिक्षकहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले मनोनीत गरेका दुईजना - सदस्य

(न) प्रतिष्ठित विद्वान, समाजसेवी, उद्योगपति तथा व्यापारी मध्येबाट कार्यकारिणी समितिको सिफारिसमा सहकुलपतिले मनोनीत गरेका बढीमा दुईजना - सदस्य

(प) उपकुलपति - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमका सदस्यहरु मध्ये पदेन सदस्यहरु बाहेक मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।"

६. <u>मूल ऐनको दफा १० मा संशोधन</u> : मूल ऐनको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) प्रतिष्ठानको कार्यकारिणी निकायको रुपमा काम गर्न देहाय बमोजिमका सदस्यहरु रहेको कार्यकारिणी समिति रहनेछ :-

(क) उपकुलपति - अध्यक्ष

(ख) शिक्षाध्यक्ष - सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय - सदस्य

(घ) अस्पताल निर्देशक - सदस्य

(ङ) प्रतिष्ठानका विभागीय प्रमुखहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले मनोनीत गरेका दुईजना - सदस्य

(च) रजिष्ट्रार - सदस्य सचिव"

७. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा राखिएकोछ :-

"११. कुलपति : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) प्रतिष्ठानको दीक्षान्त समारोहमा कुलपतिले अध्यक्षको आसन ग्रहण गर्नेछ ।"

८. मूल ऐनमा दफा ११क., ११ख., ११ग. र ११ घ. थप : मूल ऐनको दफा ११ पछि देहायको दफा ११क., ११ख., ११ग. र ११ घ. थपिएका छन् :-

"११क. सहकुलपति : स्वास्थ्य मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

११ख. उपकुलपतिको नियुक्ति : (१) प्रतिष्ठानको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिबाट उपकुलपतिको नियुक्ति हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(२) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने कार्यकारी प्रमुख हुनेछ ।**

(३) उपकुलपतिको पदावधि पाँच वर्षको हुनेछ र निजको पदावधि पुनः थप हुन सक्नेछ ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) उपकुलपतिको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११ग. <u>शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको नियुक्ति</u> : (१) उपकुलपतिको सिफारिसमा सहकुलपतिले प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको नियुक्ति गर्नेछ ।

(२) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(३) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४४

११घ. पदबाट हटाउन सकिने : (१) प्रतिष्ठानको उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशकले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी परिषद्का तत्काल कायम रहेका एक चौथाई सदस्यहरुले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सहकुलपतिको अध्यक्षतामा परिषद्का दुईजना सदस्यहरु समेत रहेको एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी आफ्नो प्रतिवेदन परिषद् समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा अस्पताल निर्देशकले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी उल्लेख गरेको भए सो सम्बन्धमा परिषद्मा छलफल हुँदा निजले पद अनुसारको दायित्व पूरा नगरेकोले पदबाट हटाउने भनी परिषद्को सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित प्रस्ताव कुलपति समक्ष पेश भएपछि कुलपतिले निजलाई पदबाट हटाउनेछ।

(४) उपदफा (१) बमोजिम गठित छानबिन समितिले उपदफा (२) बमोजिम छानबिन गर्दा निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 664

९. मल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएकोछ :-

"१२. प्रतिष्ठानको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएका सबै शिक्षक तथा कर्मचारीहरु ननप्राक्टिसिङ्ग हुनेछन् ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "ननप्राक्टिसिङ्ग" भन्नाले प्रतिष्ठानको पदीय काम बाहेक पारिश्रमिक लिई वा नलिई अन्यत्र कुनै चिकित्सा (मेडिकल प्राक्टिस), अध्यापन (प्राइभेट ट्यूशन) लगायतका अन्य कुनै प्रकारको निजी व्यवसाय गर्न नपाइने सम्झनु पर्छ ।"

१०. मल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) मा रहेका "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "महालेखा परीक्षकको विभागबाट" भन्ने शब्दहरुपछि "वा सो विभागबाट नियुक्त लेखा परीक्षकबाट" भन्ने शब्दहरु थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६४६

११. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ मा रहेको "निर्देशकले" भन्ने शब्दको सट्टा "उपकुलपतिले" भन्ने शब्द राखिएकोछ ।

१२. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएकोछ :-

"१९. अधिकार प्रत्यायोजन : प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार परिषद्को कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

१३. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएकोछ :-

"२०क. श्री ५ को सरकारले आवश्यक निर्देशन दिन सक्ने : श्री ५ को सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।"

१४. खारेजी : मूल ऐनको दफा १३ खारेज गरिएकोछ ।

लालमोहर सदर मितिः- २०५५।७।११।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।